# बौद्धिक सम्पत्ति र प्रतिलिपि अधिकार

## उद्देश्य:

- सहभागीहरूलाई बौद्धिक सम्पत्ति र प्रतिलिपि अधिकारसँग परिचित गराउने
- सहभागीहरूलाई प्रतिलिपि अधिकार उल्लङ्घनको बिषयहरूका बारे गम्भीरतापूर्वक सोच्न प्रेरित गर्ने
- सहभागीहरूलाई प्रतिलिपि अधिकारयुक्त सामग्री, कृएटिभ कमन्स (Creative commons) र सार्वजनिक डोमेन (Public domain) को न्यायोचित प्रयोगका बारे बुझाउने

## वर्कसप पूर्व गर्नुपर्ने कामहरू:

- मिरो बोर्ड (Miro Board) तयार पार्नुहोस्
  नोट: कार्यशालामा *Miro* को उपयोग गर्नको लागी सहजकर्ताले माथी लिंक गरिएको बोर्ड जस्तै एउटा बोर्ड बनाउनु आवश्यक छ। यो भिडियोले कार्यशालाहरुको लागी *Miro* को उपयोग गर्न सिकाउँछ ।

- प्रस्तुत गर्ने स्लाईड खोल्नुहोस्

- क्रियाकलाप गराउँदा प्रयोग गर्नका लागि निम्न कार्यपुस्तिकाहरू ठिक पारेर राख्नुहोस्
  - के तपाइँ यिनको प्रयोग गर्न सक्नुहुन्छ?
  - टग-अफ-वार
  - मैले सोच्ने गर्थें... र म अब सोच्छु...

## सहजकर्ताका लागी नोट:

- यदि तपाई मिरो जस्तै हवाइटबोर्ड टूल प्रयोग गर्दै हुनुहुन्छ भने सुनिश्चित गर्नुहोस् कि सहभागीहरु यस साधनसंग परिचित छन। तपाइँ कार्यशाला को शुरुवातमा मिरो सँग परिचय गराउन एक छोटो २०-३० मिनेटको सत्र गर्न सक्नुहुन्छ, र त्यस पछी कार्यशाला को प्रवाहसंग अघि बढ्न सक्नुहुन्छ।
- भौतिक कार्यशालामा व्हाइटबोर्ड एप्लिकेसनको उपयोग गर्न सम्भव छैन भने तपाइँ स्टिकी नोट्स र न्यूजप्रिन्ट कागजको प्रयोग गरी सबै काम भौतिक रूपमै गर्न पनि सक्नु हुन्छ।
- यो कार्यशाला संचालन गर्न सहजकर्तासँग निश्चित स्तरको सिकाई सम्बन्धित सामग्रीको ज्ञान हुन आवश्यक पर्दछ। कृपया कुनै पनि अपरिचित विषयवस्तु भेट्नु भएमा, त्यस सम्बन्धि जानकारीको लागी यस डिजिटल टुलकिटको *"**theme 2: Creating Digital Contents**"*मा हेर्नुहोस्।

## प्रयोग हुने प्रविधि

- मिरो (Miro)

## कार्यतालिकाः

| विषय | उद्देश्य | विवरण |
|---|---|---|
| परिचय र एनर्जाइजर<br><br>१५ / १५ मिनेट | सहभागीहरूलाई एउटा रमाईलो काम सँगै गर्न लगाउने।<br><br>बौद्धिक सम्पत्ति र यसको प्रयोगको बारेमा सहभागीहरूलाई जिज्ञासु बनाउने। | शुरूमा आफ्नो परिचय दिनुहोस् र कार्यशालाको बरेमा संक्षिप्त जानकारी दिनुहोस्।<br><br>सहभागीहरूलाई ४-५ जनाको समूहमा छुट्ट्याउनुहोस्  र एनर्जाइजर गर्नको लागि तयार पार्नुहोस्।<br><br>नोट: यस क्रियाकलापको बारेमा विस्तृतमा जान्नको लागि गतिविधि सिटमा हेर्नुहोला।<br><br>स्क्रीन प्रस्तुत गर्नुहोस् र यस गतिविधिको लागी बनाइएको मिरो फ्रेम देखाउनुहोस्। प्रत्येक समूहको काम गर्ने क्षेत्र देखाउनुहोस्। त्यस फ्रेमको लिंक साझा गर्नुहोस्। सहभागीहरु सँग यस गतिविधिको लागी ७ मिनेट छ।<br><br>सोध्नुहोस् - के तपाइँले काम गर्नुभएको लेख कुनै प्रतिष्ठित पत्रिका वा अखबारमा प्रकाशित हुन सक्ला ?<br><br>सहभागीहरुलाई सोध्नुहोस् - के तपाईँहरुले जम्मा गर्नुभएका तस्वीरहरुको उपयोग कानूनी छ? बौद्धिक सम्पत्तिको बारेमा चर्चा तिर सत्रलाई बढाउनुहोस। |
| बौद्धिक सम्पत्तिको परिचय<br><br>२५ / ४० मिनेट | बौद्धिक सम्पत्ति र यसको उल्लङ्घनका बारेमा सहभागीहरूलाई  सोच्न प्रोत्साहन गर्ने। | सोध्नुहोस् - तपाइँलाइ बौद्दिक सम्पत्ति के हो जस्तो लाग्छ?<br><br>सहभागीहरूका उत्तरहरूलाई सम्बोधन गर्दै बौद्दिक सम्पत्तिको बारेमा छोटो जानकारी दिनुहोस्।<br><br>सोध्नुहोस् - बौद्दिक सम्पत्तिको  उल्लङ्घन गर्न किन सजिलो छ?<br><br>फेरिपनि सहभागीहरूका उत्तरहरू हेर्दै तलका बुँदाहरूसित तुलना गर्नुहोस्।<br><br>• डिजिटल सम्पत्तिको क्षय नहुने प्रकृति<br>    ○ भौतिक सम्पत्तिको विपरीत, बौद्धिक सम्पत्ति उपयोग वा उपभोगमा घट्दैन<br>• डिजिटाईजेसनको कारण प्रतिलिपि बनाउन सजिलो<br>    ○ भौतिक सम्पत्ति को विपरीत, डिजिटल सामग्री सजीलै नक्कल र पुनरुत्पादन गर्न सकिन्छ<br>• क्रेताद्वारा डिजिटल सम्पत्तिको दुरुपयोग<br>    ○ निर्माताले कुनै खरीदारलाई सामग्रीको अनधिकृत पुनरुत्पादनबाट प्रतिबन्ध गर्न सक्दैन<br><br>माथिको हरेक बुँदाका बारे सहभागीहरूबिच छलफल गराउनुहोस्। |

| | | |
|---|---|---|
| | | सहभागीहरूलाई प्रतिलिपि अधिकारको उल्लङ्घन र त्यसको असर विषयको स्लाइडहरू देखाई र छोटो प्रस्तुति गर्नुस्। |
| बौद्धिक सामग्रीको उचित प्रयोग<br><br>४० / ८० मिनेट | बौद्धिक गुणहरु को दिइएको उपयोग उपयुक्त छ वा छैन भनेर प्रतिभागिहरुलाई सोच्न लगाउन क्रिएटिभ कमन्स र सार्वजनिक डोमेनको परिचय। | सोध्नुहोस् - प्रतिलिपि अधिकार भएका कुराहरू कानुनी रुपमा कसरी प्रयोग गर्ने?<br><br>प्रस्तुत भएका विचारहरूमाथि छलफल गर्नुहोस् र सहभागीहरूले प्रयोग गरेका प्रतिलिपि अधिकार भएका कुराहरूको बारे सोच्न लगाउनुहोस्। के उनीहरूका प्रयोग कानुन सम्मत थिए? थप प्रश्नहरू गरी छलफललाई गहन बनाउनुहोस्।<br><br>सहभागीहरूले अब बौद्धिक सम्पत्तिको केहि प्रयोग उपयुक्त हुन् वा होईनन्, टग-अफ-वार **(Tug-of-war)** नामको  सोच्ने शैली प्रयोग गरी वर्गीकरण गर्छन्। यो पनि एक समूहिक क्रियाकलाप हो।<br><br>नोट: यस क्रियाकलापको बारेमा विस्तृतमा जान्नको लागि गतिविधि सिटमा हेर्नुहोला।<br><br>आफ्नो स्क्रिनमा मिरो  फ्रेम देखाउनुहोस्। एक संक्षिप्त डेमो दिएर क्रियाकलापको व्याख्या गर्नुहोस्। सहभागीहरू स्पष्ट भएपछि लिंक साझा गर्नुहोस् र क्रियाकलाप गर्नको लागी १५ मिनेट दिनुहोस्।<br><br>यो क्रियाकलाप पछि सहभागीहरूलाई एक अर्काको काम हेर्न २ मिनेट दिनुहोस् । सहभागीहरूलाई एकअर्काको काममा देखिएका साना भन्दा साना फरकहरू पत्ता लगाउन प्रोत्साहित गर्नुहोस् र नबुझेका बिषयहरूका बारे अन्य सहभागीहरूलाई प्रश्न गर्न लगाउनुहोस् । आफुलाई सोधिएका प्रश्नहरूको जानेसम्म राम्रो जवाफ दिन लगाउनुहोस्।<br><br>उचित उपयोग(fair use), क्रिएटिभ कमन्स र सार्वजनिक डोमेनहरूका बारेमा संक्षिप्त वर्णन गर्नुहोस्। सहभागीहरूलाई भर्खरै प्राप्त जानकारी अनुसार, अघिल्लो क्रियाकलाप पुनः हेरी उनीहरूले टग-अफ-वारमा गरेको वर्गीकरणलाई परिवर्तन गर्न लगाउनुहोस्। यो कामको लागि १० मिनेट समय दिनुहोस्।<br><br>क्रियाकलाप सम्पन्न भएपछि, प्रत्येक समूहलाई उनीहरूले गरेका परिवर्तनहरू र के सोचेर ती परिवर्तन गरियो भनेर सोध्नुहोस् । समय धेरै नभएमा आफ्नो विचार छोटकरीमा राख्न लगाउनुहोस्।<br><br>अन्त्यमा **fair use**, केहि क्रिएटिभ कमन्स र सार्वजनिक डोमेनका स्रोतहरू (यूट्यूब क्रिएटिभ कमन्स, अनस्प्लास- *unsplash*- विकिमीडिया कमन्स, गुगल ईमेज सर्च फिल्टर, प्रोजेक्ट गुटेनबर्ग, आदि) का बारे सहभागीहरूलाई बताउनुहोस्। |

| | | |
|---|---|---|
| | | आफ्नो स्क्रिन शेयर गरी तलका वेबसाईटहरू देखाउनुहोस् ।<br>फोटो - unsplash, google image search filter, wikimedia commons<br>संगीत - musopen<br>भिडियो - youtube creative commons<br>पुस्तकहरू - standard ebooks library |
| सिकाई उपलब्धि र समाप्ति<br><br>१० / ९० मिनेट | सहभागीहरूलाई यस कार्यशाला पछि उनीहरूको विचारमा कस्तो परिवर्तन आयो सोच्न लगाउने कार्यशालाको सार कुराहरूलाई प्रस्तुत गर्न लगाउने। | सोच्ने शैली "पहिला म सोच्थेँ... अहिले म सोच्छु..." (I used to think . . . And I now think . . .) को उपयोग गरी क्रियाकलापका बारे सहभागीहरूको विचार लिनुहोस्।<br><br>संचालकको लागी नोट: यस क्रियाकलापको बारेमा विस्तृत रूपमा जान्नको लागि गतिविधि सिट हेर्नुहोस्।<br><br>केहि सहभागीहरूलाई कार्यशालामा भएको आफ्नो अनुभवहरूका बारे सोध्नुहोस्। डिजिटल सामग्री निर्माताका लागी बौद्धिक सम्पत्ति र प्रतिलिपि अधिकारको नियमहरू जान्नुपर्ने आवश्यकताको बारेमा कुरा गर्दै सत्रको अन्त्यत गर्नुहोस्। |